विदेश नीति सम्बन्धी संवाद कार्यक्रममा
परराष्ट्र मन्त्री माननीय प्रदीपकुमार ज्ञवालीबाट प्रस्तुत मन्तव्य

शनिवार, २९ जुन २०१९

सम्माननीय प्रधानमन्त्रीज्यू,
आदरणीय नेतागण,
माननीय उपप्रधानमन्त्रीज्यूहरु,
माननीय मन्त्रीज्यूहरू,
माननीय संसद सदस्यज्यूहरू,
विशिष्ट अतिथिहरु,
पत्रकार मित्रहरु,
महिला तथा सज्जनबृन्द

नमस्ते तथा शुभप्रभात ।

परराष्ट्र मन्त्रालयद्वारा आयोजित विदेश नीति सम्बन्धी प्रस्तुत छलफल कार्यक्रममा हाम्रो आमन्त्रणलाई सहर्ष स्वीकार गरी उपस्थित हुनु भएका सम्माननीय प्रधानमन्त्रीज्यू, आदरणीय नेतागण, माननीय उपप्रधानमन्त्रीज्यूहरु, माननीय मन्त्रीज्यूहरू, माननीय सांसदज्यूहरू र अन्य सम्पूर्ण आदरणीय महानुभावहरुमा म न्यानो अभिवादन व्यक्त गर्न चाहन्छु। यहांहरुको प्रातकालीन सघन उपस्थितिले यस कार्यक्रमको गरिमा र महत्वलाई थप उजागर गरेको छ भन्ने मलाई लागेको छ।

परराष्ट्र नीतिका सम्बन्धमा वृहत्तर छलफल गरेर राष्ट्रिय सहमति निर्माण गर्ने प्रयत्न यस अघि पनि भएका थिए । विशेष गरेर पहिलो संविधानसभाको अन्तर्राष्ट्रिय सम्बन्ध समितिले गरेको प्रयाश र विगतमा उपप्रधानमन्त्री एवं पार्टी नेताको् हैसियतले  प्रधानमन्त्री केपी शर्मा

ओलीज्यूले यस सम्बन्धमा लिएका पहलहरू यहाँ स्मरण गर्न चाहन्छु । तर परराष्ट्र मन्त्रालयको संस्थागत पहलमा, राष्ट्रिय राजनीतिक दल, संसदीय समिति, विज्ञहरू, थिङ्क ट्याङ्क, निजी क्षेत्र, सञ्चार जगत समेतको वृहत्तर सहभागितामा आयोजना गरिएको राष्ट्रिय संवाद यो पहिलो हो । यस महत्वपूर्ण कार्यक्रममा यहाँहरूको सहभागिताबाट हामी उत्साहित भएका छौं ।

नयां संविधान अनुरुप सम्पन्न तीनै तहको आम निर्वाचनको फलस्वरूप गठित स्पष्ट बहुमतको सरकारको परराष्ट्र मन्त्रीको रुपमा मैले जिम्मेवारी निर्वाह गरेको एक बर्ष नाघिसकेको छ। यस अवधिमा संविधानले परिकल्पना गरेको संघीय गणतन्त्रात्मक प्रणालीलाई हामीले तिनै तहमा संस्थागत गरी क्रियाशील बनाएका छौं। मुलुकको परराष्ट्र नीति संघीय सरकारको एकल क्षेत्राधिकारमा पर्ने भएकोले सोही अनुरूप परराष्ट्र नीति संचालन हुँदै आएको छ।

परराष्ट्र नीति घरेलु नीतिको विस्तारित रुप नै हो। त्यसैले देशभित्र हुने राजनीतिक परिवर्तनले परराष्ट्र नीतिलाई पनि प्रभावित गर्दछ। नेपालमा घटेका युगान्तकारी राजनीतिक परिवर्तन पश्चात् परराष्ट्र नीतिमा समयानुकूल परिमार्जन हुँदै आएको छ। यसै सिलसिलामा २०४७, २०६३ सालमा भएका राजनीतिक परिवर्तन तथा २०७२ सालमा नयाँ संविधान जारी भएपछि विभिन्न कार्यदलहरू गठन भई परराष्ट्र नीतिमा पुनरावलोकन गर्ने प्रयास भएको कुरा म स्मरण गर्न चाहन्छु ।

नयां संविधानको घोषणासँगै लामो संक्रमणकालको अन्त्य भई नेपाल दिगो शान्ति, स्थायित्व र विकासको नव युगमा प्रवेश गरेको छ। हामीले लामो समयदेखि थाँति रहेका राजनीतिक मुद्दाहरूलाई सम्बोधन गरेका छौं। लोकतान्त्रिक संविधानको दायराभित्र रही हाम्रा मतभिन्नता तथा चासोहरुलाई हामी यथोचित रूपमा सम्बोधन गर्न सक्छौं र गरेका पनि छौं। हाम्रो अगाडिको बाटो भनेको विकास र समृद्धिको यात्रा नै हो। निकट भविष्यमै नेपाल विकासको गतिमा फड्को मार्दै मध्यम आय भएको मुलुकको रुपमा विश्व मानचित्रमा चिनिने संकल्पका साथ अघि बढिरहेको छ।

राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय राजनीतिक, आर्थिक तथा सामरिक परिदृश्यमा आएका फेरबदल तथा त्यसबाट सिर्जित शक्ति संतुलनको नयां समीकरण, विज्ञान तथा अनुसन्धानका अभिनव निश्कर्ष एवं सूचना, संचार तथा प्रविधिका क्षेत्रमा देखापरेका नवप्रबर्तनहरुबाट सिर्जित अवसर र चुनौती तथा विश्व तापमानमा बृद्धि, जलवायु परिवर्तन र यसबाट उत्पन्न भएका एवं हुनसक्ने जोखिमहरु समेतले अन्तर्राष्ट्रिय सम्बन्धलाई प्रभावित गर्दै आएका छन्। यसर्थ, हरेक मुलुकले आन्तरिक राजनीतिक घटनाक्रमका साथ-साथै वाह्य जगतमा विकसित घटनाक्रमलाई पनि सुक्ष्म विश्लेषण गरी तदनुकूल परराष्ट्र नीतिमा समय सापेक्ष समायोजन गर्ने र प्राथमिकता निर्धारण गर्नु पर्ने हुन्छ।

उपर्युक्त पृष्ठभूमिमा नेपालले पनि अन्तर्राष्ट्रिय जगतमा आफ्नो स्थान सुरक्षित राख्दै राष्ट्रिय हितको प्रवर्द्धनका लागि अनुकूल अन्तर्राष्ट्रिय परिस्थित निर्माण गर्ने र आर्थिक रुपले समृद्ध एवं सामाजिक रुपमा उदार र सुसंस्कृत नेपाल निर्माणको अभियानमा योगदान पुऱ्याउनु पर्ने हुन्छ ।

परराष्ट्र नीति अत्यन्त संवेदनशील विषय भएको र यसको संचालन उच्च सावधानीकासाथ गर्नुपर्ने हुँदा यसको सफल कार्यान्वयनका लागि राष्ट्रिय जीवनका सबै पक्षहरूको सकारात्मक सहयोगको आवश्यकता पर्दछ। राष्ट्रिय सहमतिले आत्मविश्वास बढ्न जाने र त्यसबाट अन्तर्राष्ट्रिय सम्बन्धमा मुलुकको हैसियत र प्रभावको वृद्धि भई अपेक्षित परिणाम प्राप्त गर्न मद्दत पुऱ्याउँदछ। यसका लागि सम्पूर्ण राजनीतिक दलहरु, विदेश नीतिका अध्येता तथा अनुसन्धानकर्ताहरु, प्राज्ञिक बर्ग, नागरिक समाज, निजी क्षेत्र, पत्रकार जगत लगायत सम्बद्ध सबै सरोकारवालाहरू एकै थलोमा एउटै उद्देश्यका साथ उभिनु पर्दछ। यस क्रममा बर्तमान सरकारले राष्ट्रिय राजनीतिक दलका प्रतिनिधि एवं सम्बद्ध सबै सरोकारवालासंग सघन छलफल तथा विमर्शद्वारा बदलिंदो राष्ट्रिय तथा वाह्य परिस्थितिसँग मेल खाने गरी परराष्ट्र नीतिलाई थप समृद्ध र परिष्कृत बनाउने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको हो ।

कुनै मुलुकको परराष्ट्र नीतिको मूल उद्देश्य राष्ट्रिय हितको संरक्षण तथा प्रवर्द्धन नै हो। हाम्रो संविधानले पहिलो पटक राष्ट्रिय हितको स्पष्ट परिभाषा गर्दै नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधिनता, स्वाभिमान, नेपालीको हक हितको रक्षा, सीमाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धिलाई यसको मूलभूत विषयको रुपमा समावेश गरेको छ।

संविधानले राज्यको निर्देशक सिद्धान्तद्वारा मुलुकको अन्तर्राष्ट्रिय सम्बन्ध किन र कसरी संचालन गर्ने भनी स्पष्ट दिशानिर्देश गरेको छ। यस अन्तर्गत नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिक समानताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गर्नु र विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिबृद्धि गर्नु परराष्ट्र नीतिको मुख्य उद्देश्य रहेको छ।

त्यसैगरी संविधानले राज्यका नीतिमार्फत् स्वतन्त्र र संतुलित परराष्ट्र नीति संचालनका आधारहरु प्रष्ट्याएको छ । संयुक्त राष्ट्र संघको बडापत्र, असंलग्नता, पंचशीलका सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्व शान्तिका प्रावधानहरू परराष्ट्र नीति संचालनका प्रमुख आधार हुनेछन्। यसका अतिरिक्त, बाह्य मुलुकसंगको सम्बन्धमा सार्वभौमिक समानता पारस्परिक सम्मान र लाभ मुख्य आधार हुने तथ्यलाई जोड दिएको र विगतमा भएका सन्धिहरुको पुनरावलोकन गर्दै नयां सन्धि सम्झौता गर्दा समानता र पारस्परिक हितका आधारमा मात्र गर्नु भनी स्पष्ट मार्गनिर्देशन समेत गरेको छ ।

'सबैसंग मित्रता, कसैसंग छैन शत्रुता' भन्ने हाम्रो परराष्ट्र नीतिको मूल मर्म अनुरुप नेपालले अहिलेसम्म विश्वका १६६ राष्ट्रहरुसंग दौत्य सम्बन्ध कायम गरेको छ। छिमेकी लगायत संसारका सबै मुलुकहरूसँग सार्वभौमिक समानता, पारस्परिक लाभ र सम्मानका आधारमा सम्बन्धलाई विस्तार र प्रगाढ बनाउँदै लगिनेछ। राजनीतिक सम्बन्धलाई सुदृढ गर्ने उद्देश्यका अलवा 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा प्राप्तिमा बल पुग्ने गरी परराष्ट्र सम्बन्ध संचालन गरिनेछ। परराष्ट्र मन्त्रालय लगायत संयुक्त राष्ट्रसंघ

र विभिन्न मुलुकहरुमा स्थापित ३९ वटा नियोगहरु मार्फत् नेपालले परराष्ट्र नीतिको कार्यान्वयन गर्दै आएको छ।

अव म हाम्रो परराष्ट्र नीतिका मुख्य प्राथमिकताहरूका बारेमा संक्षेपमा चर्चा गर्न चाहन्छु।

संसारका जुनसकै मुलुकका लागि छिमेकीसंगको सम्बन्ध महत्वपूर्ण हुन्छ। नेपालले छिमेकीसंगको सम्बन्धलाई सर्वाधिक महत्व दिएको छ। छिमेकीहरूसँगका बहुआयामिक सम्बन्धहरुलाई अझ विस्तार र सुदृढ गर्दै लैजाने सरकारको नीति रहेको छ। आर्थिक, सांस्कृतिक तथा बहुविधि पूर्वाधार संजालद्वारा सम्बन्धका आधारहरु अझ सुदृढ एवं फराकिलो बनाउने तर्फ हाम्रो प्रयास रहनेछ। छिमेकीहरुका मूलभूत चासोहरुप्रति नेपाल सदैव संवेदनशील रहिआएको छ र नेपालको भूमि कुनै पनि छिमेकी बिरुद्ध प्रयोग हुन नदिने नीतिलाई निरन्तरता दिँदै नेपालप्रति छिमेकीहरुको पूर्ण विश्वास र सद्भाव बनाइराख्न सरकार प्रयत्नशील रहनेछ। एक छिमेकीसंगको सम्बन्ध अर्को छिमेकीसंगको मूल्यमा नहुने तथ्यलाई प्रष्ट्याउदै दुबै छिमेकीसंगको सम्बन्ध बेग्लै र विशिष्ट आधारमा हुने कुरा सुस्पष्ट रुपमा मुखरित गरिने छ। नेपाल भूपरिवेष्ठितताबाट भूजडिततातर्फ अघि बढिरहेको छ र सम्पर्क संजालका सबै आयामहरूको विकास गरी यसलाई अझ सघन रूपमा अगाडि बढाइनेछ। यसबाट नेपालले छिमेकीहरूको उल्लेख्य आर्थिक विकास र समृद्धिबाट फाइदा लिने मार्ग प्रशस्त हुनेछ।

त्यस्तै विस्तारित छिमेक (Extended Neighborhood) मा रहेका अन्य मुलुकहरुसंग आर्थिक समृद्धिको यात्रामा सहयोगी हुने प्रकारले सम्बन्धहरु थप सघन र फराकिलो बनाउँदै लगिनेछ। आर्थिक अन्तरनिर्भरता तथा एकीकरणलाई बढावा पुग्ने गरी सम्बन्ध विस्तार गरिनेछ।

विकास साझेदार मुलुकहरु तथा प्रमुख शक्ति राष्ट्रहरूसँगको सम्बन्धलाई थप खँदिलो बनाइने छ। लोकतन्त्र, मानव अधिकार, विधिको शासन तथा सुशासन जस्ता नेपालले अंगिकार गरेका मूल्य मान्यताहरूले ती मुलुकहरूसँगको सम्बन्धलाई मजबुत बनाउन

सहयोग पुऱ्याउने छ। दिगो विकासको लक्ष प्राप्त गर्न विकास सहायतालाई राष्ट्रिय आवश्यकता अनरूप प्राथमिकताका क्षेत्रमा सरकारी संयन्त्र मार्फत परिचालन गर्न जोड दिइनेछ। लगानी, पर्यटक र प्रविधि भित्र्याउन तथा निर्यात व्यापार प्रवर्द्धन गर्न देशगत रणनीति अनुरूप खास-खास कार्यक्रमहरू संचालनमा ल्याइनेछ।

श्रम गन्तव्य मुलुकहरुसँग श्रमिकहरूको हक हितलाई संरक्षण गर्न द्विपक्षीय श्रम सम्झौता गर्दै लगिनेछ। ती राष्ट्रहरूको आर्थिक सम्पन्नताबाट फाइदा लिन लगानी तथा पर्यटक भित्र्याउन विशेष जोड दिइनेछ।

यसका अतिरिक्त असंलग्न आन्दोलन एवं समूह ७७ संग आबद्ध विकासशील, भूपरिवेष्ठित र अतिकम विकसित मुलुकहरुसंग व्यापार, लगानी, रोजगारी, पर्यटन प्रवर्द्धन जस्ता पक्षलाई जोड दिँदै आर्थिक अन्तरनिर्भरतामा क्रमशः बृद्धि गर्ने नीति अबलम्बन गरिने छ। दक्षिण-दक्षिण सहयोगको प्रवर्द्धनमा जोड दिइनेछ। साझा चासो र हितका विषयहरूमा क्षेत्रीय तथा बहुपक्षीय मञ्चहरूमा सहकार्य बढाइनेछ।

कूटनीतिक सम्बन्धलाई थप प्रगाढ तथा जीवन्त बनाउन, सहयोग तथा सहकार्यका नयां क्षेत्र पहिचान गर्न तथा नेपालले हासिल गरेको लोकतन्त्र, शान्ति तथा राजनीतिक स्थिरता जस्ता उपलब्धिलाई विश्वसामु परिचित गराउन उच्चस्तरीय द्विपक्षीय भ्रमणको आदान प्रदान गरिनेछ।

बर्तमान सरकार गठन भएपश्चात् दुबै छिमेकी मुलुकहरु भारत र चीन, यूरोपका प्रमुख राष्ट्रहरु संयुक्त अधिराज्य, फ्रान्स, स्वीजरल्याण्ड, टर्की, नर्वे, फिनल्याण्ड, क्यानडा, कोस्टारिका, उदीयमान एशियाली मुलुकहरु भियतनाम र कम्बोडियाका राष्ट्राध्यक्ष तथा सरकार प्रमुखहरुसंगको उच्चस्तरीय भेटघाट तथा विचारको प्रदानप्रदानबाट ती मुलुकहरुसंगको सम्बन्ध प्रगाढ भएको छ। उच्चस्तरिय भ्रमणको श्रृङ्खलालाई आगामी दिनमा समेत निरन्तरता दिइनेछ।

स्थापित द्विपक्षीय परामर्श संयन्त्रहरुको माध्यमबाट द्विपक्षीय सम्बन्ध प्रगाढ र आपसी सहयोगका क्षेत्रहरु विस्तार हुदैगएका छन्। थप मुलुकहरूसँग द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्दै स्थापित संयन्त्रहरूको नियमित बैठक आयोजना गरिनेछ।

मित्रराष्ट्रहरुसंगको द्विपक्षीय सम्बन्धका अतिरिक्त क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मन्चहरुमा नेपालको उपस्थितिलाई थप प्रभावकारी बनाउँदै लगिनेछ। सार्क, बिम्स्टेक, एशियाली सहयोग संवाद, संघाइ सहयोग संघ, बंगलादेश, भुटान, भारत, नेपाल सम्मिलित उपक्षेत्रीय सहयोग मन्चहरुमा सघन संवाद तथा सहभागितालाई निरन्तरता दिँदै देश विकासका लागि यी संस्थाहरुबाट सहयोग जुटाउन पहल गरिनेछ।

नेपालले १८औं सार्क शीखर सम्मेलन समेत गरी तीनवटा सार्कका सम्मेलनहरु आयोजना गरिसकेको छ। सार्कको बर्तमान अध्यक्षको हैसियतले १९औं सार्क शीखर सम्मेलन आयोजना गर्न सहज वातावरण निर्माण गर्नेतर्फ कूटनीतिक प्रयासलाई निरन्तरता दिइनेछ। त्यस्तै हाम्रो अध्यक्षताको अवधिमा बिमस्टेको चौथो शीखर सम्मेलन सफलतापूर्वक सम्पन्न गरिसकेका छौं। विमस्टेकको चौथो शीखर सम्मेलनबाट जारी काठमाडौं घोषणापत्रको कार्यान्वयनमा जोड दिइनेछ।

विश्व शान्ति र सुरक्षा कायम गर्ने प्रमुख अभिभारा बोकेर स्थापना भएको संयुक्त राष्ट्रसंघको प्रयासमा नेपालले छ दशकदेखि सक्रिय भूमिका निर्वाह गर्दै आएको छ। शान्ति स्थापनार्थ खटिएका जटिल तथा जोखिमपूर्ण मिशनमा नेपाली शान्ति सेनाले गरेको योगदानको सर्वत्र प्रशंसा तथा कदर भएको स्पष्टै छ। कर्तव्य पालनाको सिलसिलामा ६ दर्जन भन्दा बढी नेपाली शान्ति सेनाका सदस्यहरूले आफ्नो अमूल्य जीवन उत्सर्ग गरेको तथ्य हामीले सगौरव स्मरण गर्नेपर्ने हुन्छ। शान्तिको भूमिबाट शान्तिका लागि पुऱ्याएको विशिष्ट योगदानलाई विश्वसामु परिचित गराउदै संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति स्थापना गर्ने कार्यमा नेपालको सहभागितालाई विस्तार र भूमिकालाई बढाउँदै लगिनेछ।

नेपालले योगदान सुहाउदो नेतृत्वदायी भूमिका पाउनु पर्छ भन्ने हाम्रो दृढ मान्यता रहिआएको छ।

संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषद्को वर्तमान सदस्यको रुपमा नेपालले मानव अधिकारको विश्वव्यापी संरक्षण र सम्वर्द्धनमा निष्पक्ष, स्वतन्त्र र वस्तुनिष्ठ भूमिका निर्वाह गर्दै आएको छ। त्यस्तै शान्ति निर्माण आयोगको सदस्य, महिला सम्बन्धी संयुक्त राष्ट्रसंघीय निकायको कार्यकारी बोर्डको सदस्य, अन्तर्राष्ट्रिय श्रम संगठनको गभर्निंग बोर्डको डेपुटी सदस्य लगायत संयुक्त राष्ट्रसंघीय प्रणाली अन्तर्गतका विभिन्न निकायहरुमा रहेर नेपालले सक्रिय भूमिका खेल्दै आएको छ। अतिकम विकसित, भूपरिवेष्ठित, साना र टापू राष्ट्रहरुसंग ऐक्यबद्धता गर्दै साझा चासो र हितका विषयमा सशक्त आवाज उठाउदै आएको छ। आगामी दिनहरुमा संयुक्त राष्ट्रसंघका अन्य महत्वपूर्ण अंगहरुमा नेपालले आफ्नो उपस्थिति र सहभागितालाई विस्तार गर्दै लैजाने छ।

गौतम बुद्धको जन्मभूमि र बौद्ध दर्शनको उद्गमस्थल नेपाल सहिष्णुता, सद्भाव र विश्व शान्तिको केन्द्रको रुपमा विकसित हुन सक्ने प्रचुर संभावना छ। बुद्ध मार्फत् शान्तिको संदेश यहीबाट संप्रेषित भएको तथ्य विश्वसामु छर्लग हुंदैछ र यो सफ्ट पावरको नेपालले भरपुर उपयोग गर्नसक्नु पर्छ। संयुक्त राष्ट्रसंघ लगायत बौद्ध धर्मावलम्बी कतिपय मुलुकहरुसंगको सहकार्यमा बुद्धको जन्मथलो लुम्बिनीलाई अन्तर्राष्ट्रिय शान्ति नगरीको रुपमा विकास गरी विश्वस्तरका द्वन्द व्यवस्थापनसँग सम्बन्धित शान्ति सम्मेलन तथा अन्य विविध कार्यक्रमहरू आयोजना गर्ने वातावरण बनाउन आवश्यक छ। यस सम्बन्धी पहललाई अगाडि बढाइने छ ।

राजनीतिक स्थिरता, दिगो शान्ति तथा आर्थिक समृद्धि प्राप्तिको संकल्प नेपाली जनताका लागि मात्र नभएर विश्व समुदायका लागि पनि ठूलो आकर्षण हुनेछ। उपर्युक्त पृष्ठभूमिमा नेपालको परराष्ट्र नीति निर्माण र संचालनमा यथासंभव साझा दृष्टिकोण बनाई अघि बढ्दा

छिमेकी मुलुकहरु लगायत विश्व समुदायको सद्भाव र सहयोग प्राप्त भई देश विकासको गतिलाई तीव्रता दिन सहज हुनेछ।

बैदेशिक लगानी आकर्षित गर्दै देश भित्र विद्यमान पूँजिको अभावलाई पूर्ति गर्दै दुई अंकको आर्थिक बृद्धि मार्फत समृद्धिको यात्रामा ठूलो फड्को मार्न सकिन्छ।

हाम्रा अगाडि केही महत्वपूर्ण अवसरहरू छन्। देश भित्रको राजनीतिक स्थिरता, नीतिगत स्पष्टता र राष्ट्रिय अठोटले परराष्ट्र नीति संचालनमा एकरुपतालाई बल पुर्‍याउने हुँदा स्पष्ट दृष्टिकोणका साथ अन्तर्राष्ट्रिय जगतमा उपस्थित हुने र हाम्रा विषयहरूलाई स्थापित गर्ने अवसर प्राप्त हुनेछ।

शान्तिप्रियता, सहिष्णुता, इमान्दारिता र जस्तोसुकै प्रतिकूलताका बीच पनि अविचलित रहने नेपाली जनताको स्वभाव जस्ता मौलिक नेपाली विशेषताहरूप्रति विश्व समुदायको सद्भाव रहने र आकर्षण बढ्ने देखिन्छ।

युगान्तकारी राजनीतिक परिवर्तनबाट समावेशी, लोकतान्त्रिक गणतन्त्रात्मक र सामाजिक न्यायमा आधारित राज्य प्रणाली अबलम्बन गरेको मुलुकको रुपमा नेपालको विशिष्ट पहिचान स्थापित भई अन्तर्राष्ट्रिय समुदायको सद्भाव र शुभेच्छामा बृद्धि गर्ने अनुकूल वातावरण निर्माण हुनेछ।

विस्तार हुंदै गएको नेपाली डायस्पोराको ज्ञान, सीप, पूँजि र सम्पर्क संजाललाई राष्ट्र विकासमा परिचालन गर्ने प्रचुर संभावना रहेकोछ।

परराष्ट्र नीति संचालनमा ऐक्यबद्धता हुँदा स्वतन्त्र, संतुलित एवं अविचलित परराष्ट्र नीतिको संचालन हुनगई राष्ट्रिय हित तथा सुरक्षा प्रवर्द्धनमा योगदान पुग्नेछ।

जटिल क्षेत्रीय तथा विश्व परिवेशमा नेपालको राष्ट्रिय हित प्रवर्द्धन गर्ने गरी आफनो स्थान सुरक्षित राख्न र प्रभावकारी भूमिका निर्वाह गर्न सहज हुनेछ।

राष्ट्रिय स्वामित्व तथा नेतृत्व कायमै राखी नीतिगत दायरा संकुचित नहुने गरी  विकास सहायता र लगानी जुटाउन सहज हुनेछ।

जलवायु परिवर्तनबाट सिर्जित नकारात्मक असरहरुको न्यूनीकरण र अनुकूलनमा यथेष्ठ अन्तर्राष्ट्रिय सहयोग र प्रविधि भित्राउन मद्दत पुग्नेछ।

प्रस्तुत पृष्ठभूमिमा उपलब्ध अवसर र सामना गर्नुपर्ने चुनौतिलाई दृष्टिगत गरी मुलुकको राष्ट्रिय हित प्रवर्द्धन गर्ने मूल विषयवस्तुमा केन्द्रीत रही आजको छलफल तथा संवादलाई अघि बढाउन वान्छनीय ठानेको छु।

यस राष्ट्रिय संवादलाई हामीले चार मुख्य शीर्षकमा केन्द्रित गरेर अगाडि बढाउन चाहेका छौं । संवादको पहिलो सत्रमा बदलिँदो **भूराजनीतिः छिमेक र मुख्य शक्तिहरु** सम्बन्धमा छलफल हुने छ भने दोस्रोमा हामी **आर्थिक कुटनीति**मा केन्द्रित हुने छौं । तेस्रोमा **क्षेत्रीय र वहुपक्षीय मामला** विषयमा परामर्श गरिने छ भने अन्तिम खण्डमा **जलवायु परिवर्तन र श्रम आप्रवासन** लगायत उदीयमान मुद्दाहरूमा छलफल हुने छ । अन्तिममा राजनीतिक नेतृत्वका संवोधन सहित कार्यक्रम समापन हुने छ । हामीलाई थाहा छ- यति महत्वपूर्ण विषयमा एक दिनको मात्रै संवाद पर्याप्त हुँदैन । तर सहभागीहरूको व्यस्त कार्यतालिकाका बीच यस्तो कार्यक्रमलाई लामो समयसम्म सञ्चालन गर्न पनि व्यवहारिक देखिएन । म विश्वास दिलाउन चाहन्छु- नीतिका अलावा संस्था निर्माण जस्ता थप विषयहरूमा यस्तो संवाद आगामी दिनमा पनि आयोजना गरिने छ ।

अन्त्यमा, सार्वजनिक विदाका दिनमा समेत आफ्नो अमूल्य समय निकालेर सारगर्भित सम्बोधन मार्फत कार्यक्रमलाई दिशानिर्देश गर्न यहां उपस्थित भईदिनु भएकोमा सम्माननीय प्रधानमन्त्रीज्यूप्रति आभार व्यक्त गर्दछु। साथै, आदरणीय नेतागण, माननीय उपप्रधानमन्त्रीहरु, मन्त्रीज्यूहरू, सांसदज्यूहरू लगायत सम्पूर्ण महानुभावहरुमा वहाँहरूको गरिमामय उपस्थिति र हौसलाका लागि म हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यस संवाद कार्यक्रमका विभिन्न सत्रका मोडरेटरहरू, वक्ताहरू र सहभागिहरू सबै विशेष धन्यवादका पात्र हुनुहुन्छ। वहाँहरू सबैको योगदानलाई मैले उच्च मूल्याङ्कन गरेको छु।

धन्यवाद ।